जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १८८ २०७९ साल फागुन १२ गते शुक्रबार (24 Feb. 2023 Friday) मूल्य रु. ५/-






**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : 'कक्षा छ, कोठा तीन : थपिँदै... ३ पृष्ठमा : माध्यमिकी परिक्रमा ... ३ पृष्ठमा :संयुक्त राष्ट्रसंग महासचिवद्वारा...


## उद्योगको उत्पादन ३० प्रतिशतमा झर्‍यो, ब्यापार १० प्रतिशतमा सीमित

# उद्योगी व्यापारीको समस्या समाधान नगरिए पसलमा ताल्चा लगाई आन्दोलनमा उत्रने चेतावनी



**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन ।**

सप्तरी उद्योग बाणिज्य संघका अध्यक्ष लालुप्रसाद अग्रवालले सप्तरीका उद्योग तथा व्यापारको अवस्था कहालिलाग्दो बनेको भन्दै यसको सुधारका निम्ति उद्योगी व्यवसायीहरुको समस्यालाई अविलम्ब सम्बोधन गर्नु पर्ने माग गरेका छन् ।

जिल्ला प्रशासन कार्यालय सप्तरीमा बिहीबार उद्योगी व्यवसायीहरुको समस्या बारे जानकारी तथा प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाउने क्रममा उनले सो माग गरेका हुन् ।

उद्योगि व्यापारीहरुको समस्या बारे जानकारी गराउँदै उनले हाल जिल्लामा उद्योगहरु ३० प्रतिशत मात्र उत्पादन गर्न सकेको तथा व्यापार १० प्रतिशत सीमित भएको लाचारी सुनाए । उनले विभिन्न नाकाहरुबाट भन्सार छलेर अवैध रुपमा भित्रिरहेको सामानहरुका कारण स्थानिय बजारको व्यापार धरापमा परेको जिकिर समेत गरे ।

उनले हाल बैंक तथा बित्तिय संस्थाहरुले ब्याज दर समेत दोब्बर गरेकाले व्यापारी ब्याज तिर्न नसक्ने अवस्था पुगेको बताउँदै सो ब्याजदरलाई अविलम्ब सच्याउनु पर्ने माग पनि गरे । व्यापारीहरुले ऋण लिँदा ८ देखी १० प्रतिशत ब्याजदर कायम रहेकोमा हाल सो ब्याजदर बढेर १५ देखी १८ सम्म पुगेको अवस्था र व्यापारको अवस्था चौपट रहेकोले त्यसलाई सहज रुपमा ल्याउन स्थानिय प्रशासनमार्फत सरकारसँग अपिल समेत गरे ।

यता कोभिडका कारण धरासयी बनेको व्यापार व्यवसाय लयमा फर्कन लागेको बेला ऋण प्रवाह बन्द गर्नाका साथै ब्याजदर अत्याधिक बढाउँदा व्यवसायीहरुले आत्महत्या नै गर्नु पर्ने अवस्था आएको बुझाइएको ज्ञापन पत्रमा उल्लेख छ । ऋण र ब्याजकै चक्करमा फसेर तनाव झेल्न नसकि जिल्लामा आत्महत्याको घटना समेत बढ्दै गएको तर्फ ध्यानाकर्षण गराउँदै प्रधानमन्त्रीले यसतर्फ अविलम्ब पहल गर्नु पर्ने ज्ञापन पत्रमार्फत माग गरिएको छ ।

अर्थमन्त्री, बाणिज्य तथा आपूर्ती मन्त्री, मुख्यमन्त्री, उद्योग बाणिज्य संघ केन्द्रिय कार्यालय, जिल्ला प्रहरी कार्यालय र भन्सार कार्यालयलाई बोदार्थ दिइएको उक्त ज्ञापन मार्फत अविलम्ब सो समस्याको समाधान नखोजिए बाध्य भई आ-आफ्नो पसल, प्रतिष्ठान र उद्योगमा ताल्चा लगाई सम्पूर्णको साँचो प्रशासनलाई बुझाई आन्दोलनमा उत्रने चेतावनी दिइएको छ ।

ज्ञापन पत्र बुझाउनु पूर्व आयोजित छलफल कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापा, प्रहरी उपरिक्षक नरेन्द्र कार्की, सशस्त्र प्रहरी उपरिक्षक, भन्सार कार्यालयका प्रमुख, राजविराज नगरपालिकाका निमित्त प्रशासकीय अधिकृत निरन्जन यादव लगायत उद्योगि, व्यापारीहरुको उपस्थिती रहेको थियो ।

# झगडा छुटाउन गएका छिमेकी कुटिए, अर्को घटनामा एक घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन ।**

काका भतिजाबीच भइरहेको झगडा छुटाउन गएका एक छिमेकी काकाबाट कुटिएका छन् ।

सप्तरीको अग्निसाईर कृष्णसावरण गाउँपालिका ६ मोहनपुर निवासी ४२ वर्षिय दिल बहादुर राणा मगर (काका) र निजका भतिजा ३५ वर्षिय सुभाष मगरबीच बुधबार भइरहेको झगडालाई छुटाउन गएका छिमेकी ३६ वर्षिय रोहित कुमार खडका कुटिएका हुन् ।

मादक पदार्थ सेवन गरि झगडा गरिरहेका काका भतिजालाई छुटाउन गएका छिमेकी खडकालाई काका दिल बहादुर राणा मगरले कुटपिट गरी घाइते बनाएको प्रहरीले जनाएको छ । कुटपिटबाट घाइते भएका खडकालाई तत्काल उपचारका लागी अस्पताल भनाई गरिएको छ ।

यता कुटपिट गर्नेहरुको खोजतलास तथा घट्ना बारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै जिल्लाको राजगढ गाउँपालिका घर भई हाल राजविराज ४ मा डेरा गरि बस्ने ३३ वर्षिय चन्द्रबिर यादबलाई चार जनाले कुटपिट गरि घाइते बनाएका छन् ।

प्रहरीका अनुसार चन्द्रबिरलाई विष्णुपुर गाउँपालिका १ बस्ने कृष्ण देव यादब, धिरेन्द्र यादब, पशुपति यादब र राम यादबले कुटपिट गरी घाईते बनाएको हो ।

कुटपिटबाट घाइते भएका चन्द्रबीरलाई उपचारका लागी छिन्नमस्ता अस्पताल राजबिराजमा भर्ना गरिएको तथा कुटपिट पश्चात् फरार रहेका चारै जनाको खोजतलास कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## बालुवासहित ट्याक्टर नियन्त्रणमा

**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन ।**

अवैध रुपमा बालुवा उत्खनन् गरि लैजादै गरेको एक ट्याक्टरलाई बिहीबार प्रहरीले नियन्त्रणमा लिएको छ ।

सप्तरीको कंचनरुप नगरपालिका वडा नं. ९ स्थित बान्द्रा खोलाबाट अवैध रुपमा


*बाँकी अन्तिम पृष्ठमा*


# आगलागिमा चार घर नष्ट, १७ लाख भन्दा बढीको क्षति



**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन ।**

सप्तरीको बोदेबरसाइन नगरपालिका १० खडकपुमा विद्युत सर्ट भई बिहीबार दिउँसो आगलगि हुँदा चार घर जलेर नष्ट हुनुका साथै १७ लाख भन्दा बढीको क्षति भएको छ ।

प्रहरीका अनुसार दिउँसो १ बजेतिर विद्युत सर्ट भई आगलगि हुँदा सो वडास्थित पलनु यादव, गोहालु यादव, उमेश यादव र बिरेन्द्र यादवको घर पूर्ण रुपमा जलेर नष्ट भएको हो ।

आगलागिमा १७ लाख ७५ हजार मुल्य बराबरको सम्पत्ति जलेर नष्ट भएको प्रारम्भिक अनुमान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेश कुमार सिंहले जानकारी दिए ।

स्थानियवासी, प्रहरी तथा शम्भुनाथ नगरपालिका र


*बाँकी अन्तिम पृष्ठमा*



## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय

### उद्योगी व्यापारीको समस्याप्रति गम्भिर बन्

सप्तरी जिल्लामा उद्योग ब्यापारको अवस्था खस्किदो गएको छ । उद्योग बाणिज्य संघ सप्तरीका अनुसार जिल्लामा उद्योगहरु बन्द हुने अवस्था पुगेको छ भने व्यापार अवस्था समेत दयनिय बन्दै गएको छ । बैंकहरुले ऋणको ब्याज दोब्बर गर्नु र विभिन्न नाकाहरुबाट चोरी निकासी भई जिल्लामा सामानहरु भित्रिनुले व्यापार चौपट बन्दै गएको छ । स्थानिय बजारमा व्यापारको अवस्था खस्किदो छ । विगतको भन्दा १० प्रतिशतमा व्यापार झरेको छ भने ३० प्रतिशतमा उद्योगबाट उत्पादन हुने गरेको छ ।

यसरी जिल्लामा उद्योग संचालन तथा व्यापार गर्न निकै समस्या भइरहेको छ । यसका लागि प्रशासन कार्यालय तथा सुरक्षा निकायले नाकाहरुमा कडाई गर्नु पर्ने अवस्था रहेको छ । नियमपूर्वक सामानहरुको ढुवानी गर्दा समेत अवैध भनेर यता प्रहरी प्रशासनले ती सामानहरु ट्रकसहित राजश्व कार्यालय पुऱ्याउने गर्दा उद्योग व्यापारीहरु झनै मारमा पर्ने गरेका छन् । भ्याट वा पानमा बिल देखाउँदा समेत त्यसलाई नमानी प्रहरीले ती सामानहरुलाई राजश्व कार्यालय पठाउने गर्दा व्यापारीहरुलाई ठूलो घाटा हुने गरेको छ । एकातिर नाकाहरुबाट भन्सार छलेर ल्याउने सामान, प्रहरी प्रशासनको ज्यादती तथा बैंकको ब्याज दरका कारण उद्योगी व्यापारीहरु थप मारमा परेका छन् ।

तसर्थ यस्ता समस्याप्रति सरोकारवाला निकाय, प्रहरी प्रशासन तथा उद्योगी व्यापारीहरुले एउटा ठोस निकास निकाल्न पहल आवश्यक छ भने सरकारले पनि बैंकको ब्याज दर बारे पुन:विचार तर्फ गम्भिरतापूवर्क ध्यान दिनु पर्ने आवश्यक छ ।

# ‘कक्षा छ, कोठा तीन : थपिँदै दु:खका दिन’

**टिकाराम सुनार**

जनकपुरधाम, ११ फागुन (रासस) ।

धनुषाको जनकपुरधाम उपमहानगरपालिका–८ दशरथ नगरस्थित श्री राष्ट्रिय प्राविमा शिशुदेखि कक्षा ५ सम्म पढाइ हुन्छ । तर, यहाँ पठनपाठनका लागि तीन वटा मात्रै कक्षाकोठा छन् ।

एउटै कक्षाकोठामा फरक–फरक २ कक्षाका विद्यार्थी राखेर पठनपाठन गर्नुपर्दा गुणस्तरीय सिकाइमा निकै समस्या भइरहेको छ भने विद्यार्थी सङ्ख्या पनि बर्सेनि घट्दै छ ।

एकातिर कक्षाकोठाको अभाव, त्यसैमा भएकै संरचनाको पनि उचित व्यवस्थापन नहुँदा यो विद्यालय संरक्षकको अभावमा बेवारिसे छोडिएको कुनै संरचनाजस्तै लाग्छ । विद्यालय हो भन्ने ठम्याउन पनि प्रवेशद्वार अडचाउनका लागि बनाइएको पर्खालको भित्तामा लेखिएको विद्यालयको नामको सहारा लिनुपर्ने अवस्था छ । उपमहानगरपालिकाकै ‘मुटु’ भागमा रहेको यो विद्यालय विसं २०५७ देखि सञ्चालनमा छ ।

विसं २०६६ देखि सरकारी मान्यता पाएर जेनतेन अहिलेसम्म सञ्चालनमै रहे पनि भौतिक पूर्वाधार व्यवस्थापनमा ध्यान नदिँदा यहाँ विद्यार्थी जोगाउनसमेत धौंधौ छ । विज्ञान विषयकी शिक्षिका सुनिताकुमारी चौधरीले विद्यालयको भौतिक सुधार हुन नसक्दा अहिले नजिकका अभिभावकले विकल्प खोज्न थालेको बताउनुभयो । कक्षा कोठाको अभाव, सडकसँगै जोडिएर पनि घेरा पर्खाल नहुँदाको असुरक्षा, फोहरमैला जस्ता विभिन्न कारणले अहिले विद्यार्थी पाउन मुस्किल भएको उहाँले बताउनुभयो ।

शिक्षिका पिंकी कुमारीले उपमहानगरपालिकाको मुख्य बजार क्षेत्रमै भएर पनि भौतिक संरचनाको अभावले विद्यार्थीलगायत शिक्षक, शिक्षिकालाई पठनपाठन गर्न निकै कठिनाइ भइरहेको गुनासो गर्नुभयो । “एउटा कक्षाको विद्यार्थीलाई पढाउँदा अर्कोले त्यही कोठामा बस्नुपर्छ, त्यो समय अर्को साथीले पढाउने कुरा पनि भएन”, उहाँले भन्नुभयो, “यस्तो समस्या वर्षौंदेखि छ, विद्यार्थी र हामी पनि निरास छौं, समयको बर्बादी र गुणस्तरीय सिकाइमा समस्या भइरहेको छ ।”

विद्यालयका प्रधानाध्यापक विन्देश्वर दासले पनि यसरी पढाउन थालेको वर्षौं भएको जानकारी दिनुभयो । “एउटै कक्षामा फरक फरक दुई कक्षाका विद्यार्थी राखेर पढाउन थालिएको वर्षौं भइसक्यो, के गर्नु बाध्यता यस्तै छ”, उहाँले भन्नुभयो, “विद्यालयको आम्दानी छैन, अरुलाई भवन बनाएर सहयोग गरिदिन भनेको वर्षौं भइसक्यो तर कसैले सुनेनन्, अब त थाकी सके !”

कुनै बेला एउटै कक्षामा दुईसयसम्म विद्यार्थी हुने यस विद्यालयमा अहिले छ वटा कक्षामा भर्ना हुने विद्यार्थीको सङ्ख्या जोड्दा करिब एक सय मात्रै छ । तर, ती सबै विद्यार्थी विद्यालयमा नियमित उपस्थित हुँदैनन् । तथ्याङ्कअनुसार विद्यालयमा कक्षा १ मा १७, कक्षा २ मा १६, कक्षा ३ मा १२, कक्षा ४ मा ६ र कक्षा ५ मा नौ जना विद्यार्थी भर्ना छन् । शिशु कक्षामा भने ४० विद्यार्थी रहेको विद्यालयको अभिलेखमा देखिन्छ । यहाँ दुई स्थायी, दुई राहत र तीन बाल विकासलाई पढाउने जनशक्ति तथा दुई सहयोगी गरी आठ जना कर्मचारी छन् । नजिकै मुस्लिम धर्मावलम्बीको बसोबास रहेकाले यस विद्यालयमा भर्ना हुने कूल विद्यार्थीमध्ये पाँच/सात जनाबाहेक सबै सोही समुदायका बालबालिका छन् ।

कक्षा ५ मा अध्ययनरत छात्र अरमान अन्सारीले अर्को कक्षासँग बसेर पढ्नुपर्दा सबैभन्दा दुःख लाग्ने गरेको बताउनुभयो । उहाँले एउटा सरले पढाएको बेला अर्को कक्षाको विद्यार्थी पर्खेर बस्नुपर्ने वा समय बिताउन कक्षा छोडेर अन्तै जानुपर्ने कारण आफूहरूलाई स्कूल आउन मन नै नलाग्ने गरेको सुनाउनुभयो । त्यसैगरी कक्षा ४ मा अध्ययनरत सृष्टिकुमारी चौधरीले गरिबीका कारण आफू श्री राष्ट्रिय प्राविमा पढ्न बाध्य भएको जनाउनुभयो । “हुनेखाने साथीहरू विद्यालय छोडेर अन्तै पढ्न गइसके तर हामी चाहिँ गरिबीको कारणले यही पढिरहेका छौँ”, सृष्टिले मलिन मुद्रामा भन्नुभयो, “हाम्रा लागि त कोही पनि रहेन छ, विद्यालय राम्रो भए त राम्ररी पढ्न पाइन्थ्यो, भविष्य पनि राम्रो बन्थ्यो होला तर अहिले त विकल्प नभएर यहाँ आउनुपरेको छ ।”

विसं २०६६ मा विद्यालयले सरकारी स्वीकृति पाएसँगै जिम्मेवारी सुरु गर्नुभएका प्रधानाध्यापक यादवले विद्यालयको यही दूरावस्थाका कारण प्रतिवर्ष विद्यार्थीको सङ्ख्या घट्दै गएको बताउनुभयो । “गरिब पढ्ने स्कूल भनेर पो हो कि, कसैले यहाँको अवस्था सुधार्न सहयोग गर्दैनन्, यसले विद्यार्थी त घटिरहेकै छन्, सँगसँगै उपमहानगरमै यस्तो अवस्थाको विद्यालय भन्ने गरिन्छ”, प्रअ यादवले भन्नुभयो ।

यो विद्यालयको अवस्थाका बारेमा वडा र उपमहानगरपालिकाको नेतृत्वलाई पनि जानकारी छ तर सुधारका लागि भने ठोस् पहल भएको छैन । उपमहानगर प्रमुख मनोजकुमार साहले आफ्नो कार्यकाल सुरु भएको छोटो समयमै आफूले विद्यालयको अवस्था सुधारका लागि पहल सुरु गरिसकेको बताउनुभयो । सुरुमा रु पाँच लाख दिने कुरा भएको र आफ्नो कार्यकालमा विद्यालयको मुहार फेर्ने गरी काम हुने उहाँले प्रतिबद्धता जनाउनुभयो ।

त्यसैगरी वडा नं ८ का अध्यक्ष दिनेशकुमार सिंहले पनि विद्यालयको भौतिक संरचना सुधारका साथै त्यहाँ वरपरको वातावरण पनि विद्यालयमैत्री बनाउन जरुरी रहेकाले सोहीअनुसार सुधारका विषयमा छलफल भइरहेको बताउनुभयो । उहाँले विद्यालयलाई विद्यालयजस्तै बनाउने गरी काम हुने धारणा राख्नुभयो ।

विसं २०६७ सम्म कक्षा १ को पढाइ हुने यस विद्यालयमा शैक्षिक सत्र २०६७ मा कक्षा २, विसं २०७२ मा कक्षा ३ र २०७३ मा कक्षा ४ र चालु शैक्षिक सत्रदेखि कक्षा पाँचसम्मको पढाइ हुन्छ । प्रधानाध्यापक यादवले आफूले स्थानीय, प्रदेश र केन्द्र सरकारले विद्यालयको अवस्था सुधारमा सहयोग गरे उर्दु शिक्षक र अङ्ग्रेजी माध्यममा पढाइ सुरु गरी विद्यार्थीको आकर्षण बढाउने योजना रहेको बताउनुभयो ।

# विद्यार्थी संगठनको तयारी तीव्र

काठमाडौँ, ११ फागुन (रासस) ।

त्रिभुवन विश्वविद्यालय (त्रिवि) को स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनको मिति नजिकिँदै गर्दा विद्यार्थी सङ्गठनले पनि तयारी तीव्र पारेका छन् ।

स्ववियु निर्वाचनमा आफ्नो आआफ्नो सङ्गठनलाई जिताउनका लागि विद्यार्थी सङ्गठनले विभिन्न समिति गठन गरी तयारी तीव्र पारेका हुन् । अनेरास्ववियु, नेपाल विद्यार्थी सङ्घ, अनेरास्ववियु (क्रान्तिकारी) र अनेरास्ववियु (छैटौँ) ले स्ववियु निर्वाचनका लागि विभिन्न समिति गठन गरिसकेका छन् ।

आगामी चैत ५ गते देशभरका त्रिविअन्तर्गत क्याम्पसमा हुने स्ववियु निर्वाचनका लागि कार्यतालिका सार्वजनिक भइसकेको छ । अनेरास्ववियुले अध्यक्ष समिक बडालले नेतृत्वमा एक हजार एक सदस्य स्ववियु परिचालन मूल समिति गठन गरेको छ । त्यस्तै चार उपाध्यक्षको संयोजकत्वमा विभिन्न उपसमिति गठन गरेको महासचिव नरेश रोकायाले जानकारी दिनुभयो ।

उपाध्यक्ष नारायण घर्तीको संयोकत्वमा स्ववियु घोषणापत्र निर्माण उपसमिति, उपाध्यक्ष गोविन्द गिरीको संयोजकत्वमा प्रचारप्रसार उपसमिति, अर्का उपाध्यक्ष मर्यादा विष्टको संयोजकत्वमा स्ववियु स्वयंसेवक परिचालन उपसमिति र उपाध्यक्ष धर्म गिरीको संयोजकत्वमा आर्थिक उपसमिति गठन गरिएको छ ।

अखिलले फागुन १३ गते देशभरिकै क्याम्पसमा भेला राखेर सम्भावित स्ववियु उम्मेदवारको सूची तयार पार्ने महासचिव रोकायाले जानकारी दिनुभयो । उहाँले स्थायी कमिटी सदस्यलाई उपत्यकाका क्याम्पस र केन्द्रीय सदस्यलाई सम्बन्धित क्याम्पस र जिल्लामा रहेका क्याम्पसमा खटाइएको बताउनुभयो ।

नेपाल विद्यार्थी सङ्घले पनि स्ववियु निर्वाचनको तयारीका लागि विभिन्न पाँच समिति गठन गरेको छ । सङ्घले घोषणा लेखन, स्ववियु निर्वाचन प्रशिक्षण, विद्यार्थी सङ्गठन समन्वय समिति, स्ववियु निर्वाचन सुरक्षा अनुगमन एवं सुरक्षा समन्वयन समिति र स्ववियु प्रचारप्रसार समिति गठन गरिसकेको सङ्घका पूर्वकेन्द्रीय सदस्य एलिजा ढकालले जानकारी दिनुभयो । ढकालको संयोजत्वमा स्ववियु निर्वाचन प्रशिक्षण गठन भएको छ । सङ्घले सातवटै प्रदेशमा प्रशिक्षण समिति गठन गरेको छ ।

पूर्वकेन्द्रीय सदस्य पुजन गन्धर्वको संयोजकत्वमा स्ववियु घोषणापत्र समिति, पूर्वकेन्द्रीय सदस्य एलिजा ढकालको संयोजकत्वमा स्ववियु प्रशिक्षण समिति, सङ्घका नेता डा सन्तोष उपाध्यायको संयोजकत्वमा स्ववियु प्रचारप्रसार समिति गठन गरिएको छ । सङ्घका नेता दिनेश शाहीको संयोजकत्वमा विद्यार्थी सङ्गठन समन्वय समिति र सङ्घका अर्का नेता उज्ज्वल बज्राचार्यको संयोजकत्वमा स्ववियु निर्वाचन सुरक्षा अनुगमन एवं सुरक्षा समन्वय समिति गठन गरिएको छ । पूर्वकेन्द्रीय सदस्य ढकालले स्ववियु निर्वाचनका लागि १५ देखि १६ गते घोषणापत्र सार्वजनिक गरिने जानकारी दिनुभयो ।

अखिल (क्रान्तिकारी) ले पनि स्ववियु निर्वाचनका लागि विभिन्न समिति गठन गरेको छ । अनेरास्ववियुका महासचिव दीपेश पुनले स्ववियु निर्वाचनका लागि सातवटै प्रदेशमा स्ववियु निर्वाचन केन्द्रित कार्यशाला गरेको छ । उहाँले महत्त्वपूर्ण ठूला क्याम्पसमा उपाध्यक्षलाई खटाइएको जानकारी दिनुभयो । सचिव, केन्द्रीय सचिवालय र केन्द्रीय सदस्य पनि आवश्यकअनुसार परिचालन गरिएको उहाँको भनाइ छ । उहाँले स्ववियु निर्वाचन हुने क्याम्पसमा स्ववियु परिचालन समिति गठन गरिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार उपाध्यक्ष नारायण खनालको संयोजवत्वमा स्ववियु निर्वाचन घोषणापत्र लेखन समिति, उपाध्यक्ष टुकमान महराको संयोजकत्वमा स्ववियु परिचालन समिति, उपाध्यक्ष मिलन एमसीको संयोजकत्वमा प्रचारप्रसार समिति, विभिन्न विद्यार्थी सङ्गठन छलफल र वार्ताका लागि समन्वयका लागि उपाध्यक्ष क्षितिज सापकोटालाई जिम्मेवारी दिइएको छ । उम्मेदवार छनोट गर्ने सम्बन्धित कमिटीले सर्वसम्मत निर्णय गर्ने र विवाद भएमा मात्र उपल्लो कमिटीमा सिफारिस गर्ने भनिएको उहाँले बताउनुभयो ।

*बाँकी अन्तिम पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# माध्यमिकी परिक्रमा महोत्तरीमा

जलेश्वर, ११ फागुन (रासस)।

विश्वकै सबैभन्दा ठूलो पदयात्रा तथा मिथिलाको महाकुम्भ मानिएको १५ दिने माध्यमिकी परिक्रमा बिहीबार बिहान महोत्तरीमा आईपुगेको छ।

सोमबार धनुषाको मिथिला नगरपालिकाको कचुरी गाउँमा अवस्थित मिथिला विहारीको कुटीबाट मिथिला विहारी तथा जनकपुरस्थित अग्नि कुण्डका किशोरीजीको डोला (पालकी) का साथ धार्मिक विधि अनुसार जानकी मन्दिर हुँदै धार्मिक झाँकी भजनकीर्तनसहित शुरु भएको परिक्रमा मंगलबार भारतको सीमावर्ती गाउँ कलानेश्वरमा पुगेको थियो। बुधबार भारतकै गीरिजास्थानमा बास बस्दै बिहीबार तेश्रो दिन विश्रामका लागि महोत्तरीको मटिहानी नगरपालिका आईपुगेको हो।

बाजा, गाजा, साधु, नागा, सन्त, महात्माहरु नाचगानका साथ भगवान् राम र माता जानकीको डोला लिएर लाखौंको सङ्ख्यामा यहाँ प्रवेश गरेको परिक्रमालाई स्थानीयबासी र महोत्तरी प्रशासनले पूजापाठ गरी स्वागत गरिएको थियो।

मटिहानीमा माता सीताको विवाहको बेला मटकोर विधि भएको सम्भन्नामा यहाँ परिक्रमाको तेश्रो पराव हुँदै आएको छ। यहाँ रहेको प्रसिद्ध लक्ष्मीनारायण मठ र लक्ष्मी सरोवरले प्राचिनकालको याद गराउँछ। परिक्रमामा सहभागी यात्रीका लागि यहाँस्थित लक्ष्मीनारायण मठले निःशुल्क भोजन, पानी, दाउरा, बिजुली तथा बासको व्यवस्था गरेको छ।

तेस्रो दिन महोत्तरीको मटिहानी पुगेको परिक्रमा क्रमशः चौथो दिन महोत्तरीको सदरमुकाम जलेश्वरमा, पाँचौ दिन मडैमा, छैठौं दिन ध्रुवकुण्डमा र सातौं दिन कन्चनवनमा बास बसेर आठौं दिन पुनः धुनषाको पर्वतामा बस्ने छन्।

त्यसपछि धनुषाधाम, औरही, करुणा, विशौल हुँदै पुनः भारतको कलानेश्वर र फागुन पूर्णिमाका दिन जनकपुर फर्कने छ। नेपाल-भारत दुवै मुलुकको धार्मिक सांस्कृतिक एवं पारम्परिक सद्भावको प्रतिकका रुपमा रहेको परिक्रमाका लागि नेपालतर्फ ११ र भारततर्फ चार गरी १५ विश्रामस्थल बनाइएका छन्।

मिथिला महात्म्यमा यी विश्रामस्थलका पौराणिक एवं धार्मिक महत्वबारे छुट्टाछुट्टै प्रकाश पारिएकाले यी स्थलप्रति भक्तजनमा अटुट आस्था रहेको पाइन्छ। मिथिला महात्म्य अनुसार १८ औं शताब्दीदेखि यो धार्मिक यात्रालाई माध्यमिकी परिक्रमाका रुपमा मनाउँदै आइएको हो। यस यात्राका क्रममा नेपालका एकसय सात एवं भारतको २६ गरी एकसय ३३ किलोमिटर पैदल यात्रा गर्ने परम्परा छ। जुन यात्रा सबैभन्दा ठूलो पद यात्रा पनि मानिन्छ।

यस परिक्रमामा भारतको आयोध्या, मथुरा, हरिद्वार, दरभङ्गा, सितामढी, बैजनाथधामका साधुको उल्लेख्य सहभागिता छ। फागुन शुक्ल प्रतिपदाका दिन शुभसाइत गरी प्रारम्भ हुने यो धर्मयात्रा १५ दिनभित्र जनकपुर पुगी होली खेलेर फागुन पूर्णिमाका दिन समापन गरिन्छ।

परिक्रमामा सहभागी हुनाले मन, वचन र कर्मले भएका पाप तथा अन्याय नष्ट भएर मनोकामना पूरा हुने धार्मिक मान्यता छ।

विश्वकै लामो समयसम्म चल्ने धार्मिक यात्रा परिक्रमाका यात्रुहरु भारतको कलना, फुलहर, करुणा, विशौल, महोत्तरीको मटिहानी, जलेश्वर, मडै, ध्रुवकुण्ड, कञ्चनवन हुँदै धनुषाको पर्वता, धनुषाधाम, सतोषर, औरहीमा एक/एक रात विश्राम गरि पूर्णिमाको अघिल्लो रात जनकपुर आइपुग्छन र पूर्णिमाका दिन बिहान जनकपुरको अन्तगृह परिक्रमा गरि होली खेलेर १५ दिवसीय यात्रा समापन गरिन्छ। यस यात्रामा सहभागी भएमा सुख, समृद्धि, मानसिक शान्ति तथा चारधामको दर्शन गरे बराबरको फल प्राप्ती हुने विश्वास गरिन्छ।

प्राचिन मिथिलाको राजधानी जनकपुरको चारै कुनामा निमार्ण गरिएका कल्याणेश्वर, जलेश्वर, क्षिरेश्वर र सप्तेश्वर शिवालयलाई आधार मानेर यो परिक्रमा यात्रा शुरु गरिएको हो ।मिथिलाको महाकुम्भ समेत नामाकरण गरिएको यस परिक्रमामा नेपाल-भारतका हजारौं साधुसन्त महन्थ र गृहस्थहरुको सहभागिता छ।

# निजी अस्पतालको भन्दा कम छैन कोसी अस्पतालको आकास्मिक सेवा

टङ्कीसिनवारी, ११ फागुन (रासस)।

सधैं अस्तव्यस्त रहने विराटनगरस्थित कोसी अस्पतालको आकस्मिक सेवा कक्षलाई व्यवस्थित बनाउँदै लगिएको छ। विगतमा देखिएका कमी कमजोरी पत्ता लगाई सेवाग्राहीलाई छिटोछरितो सेवा प्रदान गर्नका लागि आकस्मिक सेवा कक्षलाई सुधार गरिँदै लगिएको छ। आकस्मिक सेवालाई निजी अस्पतालका तुलनामा बढी व्यवस्थित, सफा र प्रविधिमैत्री बनाउन अस्पताल प्रशासनले ध्यानकेन्द्रीत गरेको छ। उक्त अस्पताल नेपाल सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मातहतमा छ।

कुनै बेला फोहर र दुर्गन्धित भनेर चिनिने उक्त अस्पतालको आकास्मिक सेवामा जडान गरिएको प्रविधि र सरसफाइदेखि सेवाग्राही दङ्ग छन्। नाक थुनेर आकास्मिक सेवामा सेवा लिन छिर्ने गरेका सेवाग्राही अहिले भएको सुधारले खुसी छन्। आकास्मिक सेवाको सरसफाइका लागि चार सफाइकर्मीलाई अस्पतालले खटाएकाले चौबिसैं घण्टा आलोपालो गरी सफाइ हुँदै आएको छ।

फोहर विसर्जनका लागि कक्षभित्र आधा दर्जनभन्दा बढी ठूला डस्टबिन राखिएको र कुचो लगाउनेदेखि फिनेलपानीले भूइँ पुछ्नेसम्मको काम पटक पटक हुँदै आएको छ।

तीस शय्या रहेको आकस्मिक सेवा कक्षलाई रेड, एल्लो र ग्रिन जोनमा बाँडिएको छ। तत्कालै अक्सिजन दिएर उपचार गरिनुपर्ने बिरामीलाई रेड, निगरानीमा राख्नुपर्ने बिरामीलाई एल्लो र सामान्य प्रकृतिका बिरामीलाई ग्रिन जोनमा राख्न थालिएको छ। कक्षका पाँच शय्यामा मोनिटर जडान गरिएको र यसबाट बिरामीको रक्तचाप, पल्स रेट र अक्सिजन लेभल थाहा हुनेहुँदा उपचार सजिलो बन्दै गएको छ।

यस्तै उक्त कक्षको प्रत्येक शय्यासम्म अक्सिजनको पाइप लाइन पुऱ्याइएको छ। आकास्मिक सेवा कक्षभित्र रहेको चार सिसी टिभी क्यामेराले त्यहाँ भित्रको गतिविधि निगरानी गर्ने गरेको छ। क्यामेरा जडान भएदेखि कक्ष पूर्णरूपमा सुरक्षित भएको छ भने अनावश्यक व्यक्तिको प्रवेशलाई नियन्त्रण गर्न पनि सघाउ पुगेको छ। उक्त कक्षमा सात चिकित्सक, १७ प्यारामेडिक्स, चार कार्यालय सहयोगी र चार सफाइ कर्मचारी खटिएका छन्।

बिरामी भई सघन उपचार कक्षमा भर्ना हुनुभएकी एक वृद्धाकी कुरुवा तारा चापागाईंले आकस्मिक कक्षमा भएको परिवर्तनले आफू अचम्ममा परेको बताउनुभयो। उहाँले यस अस्पतालको आकस्मिक सेवा सरकारी नभएर कुनै निजी अस्पताल भएको भैं महसुस भएको चर्चा गर्नुभयो। खोटाङ जिल्लाबाट आएर आकस्मिक सेवामै आमाको उपचार गराइरहनुभएका सुर्यकुमार रइलाले यहाँको सरसफाई र छिटो छरितो

*बाँकी अन्तिम पृष्ठमा*

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**

# विश्व समाचार

## संयुक्त राष्ट्रसंग महासचिवद्वारा युक्रेन आक्रमणको निन्दा

न्युयोर्क, ११ फागुन (रासस/एएनआई)।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले बुधबार युक्रेनमा रुसको आक्रमणको निन्दा गर्दै यो "हाम्रो सामूहिक विवेकको अपमान" भएको बताउनु भएको छ।

रुसको युक्रेन आक्रमणको एक वर्ष पुग्न दुई दिनअघि एघारौं आपतकालीन विशेष सत्रलाई सम्बोधन गर्दै महासचिव गुटेरेसले भन्नुभयो, जब तपाईंले युक्रेनमा रुसको आक्रमणबारे कुरा गर्नुहुन्छ भने युक्रेनका जनता र अन्तरराष्ट्रिय समुदायका लागि यो लाजमर्दो विषय हो।

"यो संयुक्त राष्ट्रसङ्घको बडापत्र र अन्तरराष्ट्रिय कानूनको उल्लङ्घन हो। यसले नाटकीयरूपमा मानवअधिकारको हनन निम्त्याइरहेको छ र यसको प्रभाव युक्रेनभन्दा धेरै परसम्म महसुस भइरहेको छ," उहाँले थप्नुभयो।

रुस-युक्रेन युद्ध गत फेब्रुअरी २४ मा शुरु भएको थियो र हालसम्म जारी छ। युक्रेनमा द्वन्द्व बढ्दै गएपछि महासभाले कीभले समर्थन गरेको प्रस्तावमाथि बहस गर्न थालेको हो। विशेष सत्रलाई सम्बोधन गर्दै संयुक्त राष्ट्रसङ्घ प्रमुखले पनि भन्नुभयो- "मैले पहिलो दिनदेखि भनेको कुरा के हो भने यस कदमले विश्व समुदायलाई चुनौती थपेको छ।

"संयुक्त राष्ट्रसङ्घका सबै सदस्यहरूले आफ्नो अन्तरराष्ट्रिय सम्बन्धमा कुनै पनि राज्यको क्षेत्रीय अखण्डता वा राजनीतिक स्वतन्त्रता विरुद्ध वा संयुक्त राष्ट्रका उद्देश्यहरूसँग असङ्गत हुने गरी धम्की वा बल प्रयोगबाट टाढा रहनुपर्ने महासचिवको धारणा छ। उहाँले युक्रेनका चार क्षेत्रलाई गैरकानूनी रूपमा गाभिएकामा पनि आपत्ति जनाउनु भएको छ।

यसअघि पोल्याण्डमा बुधबार अमेरिकी राष्ट्रपति जो बाइडेनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले आफ्नो युद्धघोष गर्दा 'ठूलो गल्ती' गरेको बताउनु भएको थियो।

राष्ट्रपति बाइडेन-जो पोल्याण्डको वार्सामा राष्ट्रपति भवनमा बुखारेस्ट नाइनसँगको बैठकमा हुनुहुन्थ्यो पहिलो पटक मुस्कुराएर जवाफ दिदैं रुसको के प्रतिक्रिया हुन्छ त्यो बारे फ्रतिउत्तर गर्ने आफ्नो समय नभएको बताउनु भएको थियो।

बुखारेस्ट नाइन समूह २०१५ मा क्रिमिया को रुसी विलयपछि गठन भएको थियो र यसमा बुल्गेरिया, चेक गणतन्त्र, एस्टोनिया, हङ्गेरी, लाटभिया, लिथुआनिया, पोल्याण्ड, रोमानिया र एस छन्।

युक्रेन युद्ध एक वर्ष पुग्न लाग्दा बाइडेन पोल्याण्डमा नेटो नेताहरूसँग भेट्दै हुनुहुन्छ। मस्कोमा राष्ट्रपति पुटिनले बुधबार चिनियाँ उच्च कूटनीतिज्ञ वाङ यीसँग भेट गर्नु भएको थियो। यसअघि वाङले रुसी विदेशमन्त्री सेर्गेई लाभरोभसँग भेटवार्ता गर्नुभएको थियो।

राष्ट्रपति पुटिनले अमेरिकासँगको एकमात्र बाँकी रहेको परमाणु हतियार नियन्त्रण सन्धि - न्यु स्टार्टमा आफ्नो सहभागिता निलम्बन गरिरहेको र युक्रेन द्वन्द्वका लागि पश्चिमलाई दोष दिन खोजेको बताइएको छ।

## विमान दुर्घटनामा चारको मृत्यु

मनिला, ११ फागुन (रासस/एएनआई)।

फिलिपिन्समा विमान दुर्घटना हुँदा विमानमा सवार सबै चार जनाको मृत्यु भएको छ। सो विमान फिलिपिन्सको ज्वालामुखी विस्फोट भएको स्थानमा दुर्घटना भएको हो। दुर्घटनाग्रस्त क्षेत्रमा खोजी अभियान सञ्चालन गरेपछि चार जनाको मृत्यु भएको पुष्टि भएको अधिकारीहरूले जनाएका छन्।

दुर्घटनामा मारिनेमा पाइलट रुफिनो जेम्स क्रिसोस्टोमो जुनियर, चालक दलका सदस्य जोएल मार्टिन र अष्ट्रेलियाका प्राविधिक सल्लाहकार साइमन चिपरफिल्ड र कार्ती सन्थानम रहेका छन्। उनीहरुको शव माउन्ट मेयोन ज्वालामुखीमा भेटिएको थियो।

चारै जना मानिस मनिलास्थित जियोथर्मल फर्म इनर्जी डेभलपमेन्ट कर्पका कर्मचारी रहेको सीएनएनले कम्पनीका अध्यक्ष र प्रमुख अपरेटिङ अफिसर आरलाई उद्धृत गर्दै उल्लेख गरेको छ।

सीएनएनले फिलिपिन्सको नागरिक उड्डयन प्राधिकरण (सीएएपी) लाई उद्धृत गर्दै अल्बे प्रान्तको बिकोल अन्तरराष्ट्रिय विमानस्थलबाट शनिबार उडान भरेपछि मनिला जाँदै गरेको सेसना ३४० विमानको हवाई ट्राफिक कन्ट्रोलसँग सम्पर्क विच्छेद भई दुर्घटना भएको जनाएको छ।

आइतबार करिब छ हजार फिटको उचाइमा भग्नावशेष भेटिएको थियो। पहिरोको जोखिम र ज्वालामुखी विस्फोट आदिको डरले खोजी कार्यमा कठिनाइ भएको थियो।

## खानी भत्किँदा चीनमा चारको मृत्यु, ४९ बेपत्ता

होहोट, ११ फागुन (रासस/सिन्ह्वा)।

उत्तरी चीनको भित्री मङ्गोलिया स्वायत्त क्षेत्रको भत्किएको कोइला खानीमा खोजी र उद्धारकार्य पुनःशुरु भएको छ। अहिलेसम्म चार जनाको मृत्यु भएको पुष्टि भएको छ भने ४९ जना बेपत्ता छन्। उद्धारकर्ताले भग्नावशेषबाट १० जनालाई बाहिर निकालेका छन् जसमा चार जनाको मृत्यु भएको पाइएको छ भने छ जना घाइते छन्। घाइतेलाई अस्पताल लगिएको छ। घटनास्थलमा उद्धारकार्य जारी छ।

# दुर्घटनामा बालिका र महिला घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन ।**

सप्तरीमा बुधबार भएको छुट्टाछुट्टै दुर्घटनामा बालिका र महिला घाइते भएकी छिन् ।

जिल्लाको बलान बिहुल गाउँपालिकामा मोटरसाइकलको ठक्करबाट साइकलमा सवार एक १५ वर्षिया बालिका घाइते भएकी छिन् ।

सो गाउँपालिका २ पथराह चोकमा दक्षिणबाट उत्तर तर्फ आउँदै गरेको स.१०प. ५३२९ न. को मोटरसाइकलले ठक्कर दिँदा बिपरीत दिशाबाट आउँदै गरेको साईकल यात्री स्थानिय १५ वर्षकी आशा यादव घाइते भएकी हुन् ।

ठक्करबाट घाइते भएकी बालिकलाई उपचारका लागी अस्पताल भर्ना गरिएको तथा मोटरसाइकल र चालकलाई प्रहरीले नियन्त्रणमा लिई घट्नासम्बन्धमा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै जिल्लाको कंचनपुर नगरपालिका ७ सितापुर टोलस्थित भित्रि सडक खण्डमा ट्रकमा ठोक्किएर एक साइकल यात्रीलाई घाइते भएकी छिन् ।

बास लोड गरिरहेको ना.२ख.८७७५ न. को ट्रकको पछाडि डालामा साईकल यात्रि स्थानिय ३० वर्षिया की एकाबरि देबि महतो ठोकिदा घाइते भएको प्रहरीले जनाएको छ । घाइते पश्चात् उनलाई तत्काल उपचारको लागी अस्पताल लगिएको तथा ट्रक र चालकलाई प्रहरीले नियन्त्रणमा लिई घट्ना सम्बन्धित अनुसन्धान गरिरहेको जनाएको छ ।

# विगत १५ वर्षदेखी सम्पर्क विहीन

**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन ।**

सप्तरीको महादेवा गाउँपालिका १ पकरी गाउँका ४४ वर्षिय रामचन्द्र यादव विगत १५ वर्षदेखी सम्पर्क विहीन छन् ।

साविक पकरी गाविस वडा नं. ३ हाल महादेवा गाउँपालिका १ पकरी निवासी यादव २०६५ सालमा रोजगारीका लागी भारत गएका थिए । सोही समयदेखी हालसम्म उनको कुनै खबर नआएको आमा फुलेश्वरीदेवी यादवले सञ्चारकर्मी समक्ष बताइन् ।

उनले बेपता छोरा रामचन्द्रको खोजतलास आफुले भ्याएसम्म गरे पनि हालसम्म फेला नपरेकोले खोजी कार्य गरी दिन प्रहरी तथा सम्बन्धित सरोकारवाला निकायसँग आग्रह गरेकी छिन ।

## *आगलागिमा चार ...*

राजविराज नगरपालिकाको बारुणयन्त्रको मद्दतले दिउँसो ३ बजेतिर आगो नियन्त्रणमा आएको डिएसपी सिंहले बताए ।

हावा चलेको बेला आगो सल्केकाले छोटो समयमै चार घर खरानी बनाएको पीडितहरुले बताएका छन् । आगलागिमा परेका सबै फुस र एल्बेस्टरको छाना भएका घरहरु हुन् ।

## *बालुवासहित ट्याक्टर ...*

बालुवा उत्खनन् गरि लैजादै गरेको स१त५५७३ नं. को ट्याक्टरलाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार बालुवा ट्याक्टरमा लोड गरी लैजादै गर्दा भित्री बाटोमा इलाका प्रहरी कार्यालय कन्चनपुरको मोबाईल टोलिले नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिइएको ट्याक्टरलाई आवश्यक कार्यवाहीका लागि कंचनरुप नगरपालिका कार्यालय पठाईएको प्रहरीले जनाएको छ ।

## *निजी अस्पतालको ...*

सेवादेखि आफू प्रभावित भएको बताउनुभयो ।

उहाँले कक्ष सफासुग्घर रहेको र उपचारमा कुनै समस्या नदेखिएको उल्लेख गर्नुभयो । जनस्वास्थ्य निरीक्षक एवं उक्त अस्पतालका आकस्मिक सेवा इन्चार्ज गजेन्द्र यादवले पहिलेको जस्तो नाक थुनेर कक्ष छिर्नुपर्ने अवस्था अन्त भएको बताउनुभयो । उहाँले यस कक्षलाई प्रविधिमैत्री बनाउँदै लगिएको र सरसफाइमा पनि उत्तिकै ध्यान दिइएको छ भन्नुभयो । इन्चार्ज यादवले कक्षलाई प्रदेश नं १ कै नमुना बनाउने गरी आफू नेतृत्वको टोलीले कार्य गर्दै आएको बताउनुभयो । विसं १९४७ मा उक्त अस्पताल स्थापना भएको थियो ।

## *विद्यार्थी ...*

त्रिविले आगामी चैत ५ गते हुने निर्वाचनका लागि निर्वाचन कार्यतालिका सार्वजनिक गरिसकेको छ ।कार्यतालिकाअनुसार यही फागुन १९ गते विद्यार्थी सङ्घ/सङ्गठन दर्ता, फागुन २१ गते मतदाता सूची प्रकाशन, फागुन २७ गते बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म समानुपातिक तथा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता तोकिएको छ । कार्यतालिकाअनुसार मतदान चैत ५ गते बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म हुनेछ ।

अनेरास्ववियुका पनि स्ववियु निर्वाचनका लागि विभिन्न समिति गठन गरेको छ। अनेरास्ववियुका अध्यक्ष सुदेश पराजुलीको संयोजकत्वमा एक हजार एक सय ११ स्ववियु परिचालन गठन गरेको छ । उपाध्यक्ष माधव पन्तको संयोजकत्वमा स्ववियु घोषणापत्र समिति र अर्का उपाध्यक्ष हिरेन्द्र शाहीको संयोजकत्वमा अन्य विद्यार्थी सङ्गठनसँग तालमेल गर्नका लागि वार्ता समिति गठन गरेको छ।

प्रत्येक दुई दुई वर्षमा हुने स्ववियु निर्वाचन विसं २०६५ देखि यता नियमित हुन सकेको छैन। विसं २०६५ चैत ६ गते भएको स्ववियु निर्वाचन एकै पटक आठ वर्षमा २०७३ चैत १५ गते भएको थियो । त्यतिबेला देशभर त्रिविका ६२ आङ्गिक क्याम्पसमध्ये उपत्यकामा नौ वटा आङ्गिक र उपत्यका बाहिर १७ क्याम्पसमा मात्र स्ववियु निर्वाचन भएको थियो। यसपटक स्ववियु देशभरका त्रिविमा ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा निर्वाचन हुँदैछ।

स्ववियुमा अध्यक्ष, सचिव र कोषाध्यक्ष तथा ५० प्रतिशत सदस्य प्रत्यक्ष निर्वाचन प्रणाली र उपाध्यक्ष र सहायक सचिव तथा ५० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालबाट चयन हुने छन् ।

# एकसय ६ वर्षसम्म भएन संगठनात्मक सर्वेक्षण

काठमाडौँ, ११ फागुन (रासस) ।

स्थापनाको १०६ वर्ष पूरा हुँदा पनि आयुर्वेद चिकित्सालय नरदेवीको सङ्गठनात्मक सर्वेक्षण हुनसकेको छैन । सर्वेक्षण नहुँदा एक सय शय्याको अस्पतालमा कम्तीमा ४० नर्सको दरबन्दी हुनुपर्नेमा अहिले १६ मात्र नर्स रहेको अस्पतालका निर्देशक डा प्रदीप केसीले राससलाई जानकारी दिनुभयो ।

जनशक्तिको अभावमा सेवा प्रवाहमा पनि समस्या भएको छ । देश सङ्घीय संरचनामा गएपछि विसं २०७६ मा सङ्गठनात्मक सर्वेक्षण हुने विश्वास गरिए पनि पुरानै ‘कपि पेस्ट’ का भरमा चल्नुपर्ने बाध्यता आइलागेको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, “सङ्गठनात्मक सर्वेक्षण नभएका कारण पञ्चकर्म अध्ययन गरेर आउने जनशक्ति भए पनि स्वास्थ्य सेवा नियमावलीमा व्यवस्था नहुँदा वैधानिक रुपमा राख्न सकिएको छैन ।” अस्पतालको बहिरङ्ग विभागमा दैनिक तीन सय बिरामी आउने गरेका छन् । यहाँबाट २३ प्रकारका आयुर्वेदिक औषधि निःशुल्क वितरण गर्ने गरिएको छ । अस्पताल ‘फार्मेसी’ निर्देशिका अनुसार अस्पतालमा ‘फार्मेसी’ पनि सञ्चालन गरिएको छ ।

यहाँ आठ सय भन्दा धेरै थरिका औषधिको बिक्री हुने गरेको छ । ‘फार्मेसी’मा बजारमाभन्दा निजी औषधि पसलमाभन्दा सस्तोमा औषधि बिक्री हुने गरेको जनाइएको छ । अस्पतालमा ‘सिटस्क्यान’ यन्त्र ल्याउन पनि चालु आर्थिक वर्षमा बजेट विनियोजन भएको छ । यन्त्रको सहयोगमा सेवाग्राहीलाई थप सुविधा दिइने अस्पतालले जनाएको छ ।

# सरकारी कामकाजमा मातृभाषा प्रयोग गरिनुपर्ने माग

काठमाडौँ, ११ फागुन (रासस) ।

विभिन्न मातृभाषालाई सरकारी काम काजमा ल्याउनुपर्नेमा जोड दिइएको छ ।

अन्तर्राष्ट्रिय मातृभाषा दिवसका अवसरमा बुधबार भाषा आयोगले गरेको कार्यक्रमका वक्ताले स्थानीय सरकारले वडा तहसम्म फरक फरक मातृभाषाको प्रयोग गर्न सक्नेमा जोड दिइएको हो ।

कार्यक्रममा आयोगका कार्यवाहक अध्यक्ष उषा हमालले मातृभाषाको संरक्षण कसरी गर्ने भन्नेमा काम भइरहेको बताउनुभयो । सो अवसरमा आयोगका सदस्य अमृत योञ्जनले मातृभाषाको औचित्यका बारेमा प्रकाश पार्नुभएको थियो । आयोगका सचिव जयराम अधिकारीले आयोगले गरिरहेको कामका बारेमा प्रस्तुति गर्नुभएको थियो ।

आयोगका पूर्वअध्यक्ष डा लवदेव अवस्थी, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव दीपक शर्मालगायतले मातृभाषाको संरक्षणमा सरोकार भएका निकायकाबीच समन्वय हुनुपर्नेमा जोड दिनुभएको थियो ।

संयुक्त राष्ट्रसङ्घ महासभाले सन् १९९९ मा घोषणा गरी सन् २००० देखि फेब्रुअरी २१ तारिखका दिन अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाउन सुरु गरिएको हो । नेपालमा भने विसं २०६६ देखि विशेषरूपमा अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाउन सुरु गरिएको हो । विश्वमा १५ दिनमा दुईवटा भाषा लोप हुने गरेको तथ्य अध्ययनबाट सार्वजनिक भएको छ । मातृभाषा लोप हुन नदिन सरोकार भएका निकायले काम गर्नुपर्नेमा जोड दिँदै आइएको छ । यस अवसरमा संयुक्त राष्ट्र सङ्घीय शैक्षिक वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) ले मातृभाषाको संरक्षणका लागि विभिन्न काम गर्दै आएको छ ।

कार्यक्रममा नेपालमा एक हजारभन्दा कम वक्ता रहेका ३७ भाषामध्ये २३ भाषा सङ्कटापन्न अवस्थामा पुगेको जानकारी गराइएको थियो । ती भाषाको संरक्षणमा काम गर्नुपर्नेमा पनि जोड दिइएको थियो । दिवसको यस वर्षको नारा ‘शिक्षामा रूपान्तरणका लागि बहुभाषिक शिक्षाको आवश्यकता’ रहेको छ ।

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

सामाजिक सञ्जाल प्रयोगमा सचेतता अपनाऔं
➢ सामाजिक सञ्जालमा अपरिचित व्यक्तिको साथी बन्ने अनुरोधलाई विश्वस्त भएर मात्र प्रतिक्रिया जनाऔं।
➢ अपरिचित व्यक्तिलाई जथाभावी साथी बन्न अनुरोध नपठाऔं।
➢ सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमबाट चिट्ठा पुरस्कार जस्ता आर्थिक प्रलोभनका प्रस्तावको भ्रममा नपरौं।
➢ आफुले प्रवाह गरेका सन्देश वा सूचनाबाट समाजमा पर्नसक्ने नकारात्मक प्रभावको ख्याल गरौं।
➢ आफ्नो सन्देशले कुनै व्यक्ति वा अन्य कुनै समुदायको आत्मसम्मानमा चोट नपुऱ्याऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*